# जागरुक उपभोक्ता ! जिम्मेवार बिक्रेता !!

- ❖ गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्नु उपभोक्ताका अधिकार हो; प्रवाह गर्नु बिक्रेताको कर्तव्य।
- ❖ विना भेदभाव वस्तु वा सेवा खरिद गर्न पाउनु उपभोक्ताको अधिकार हो; प्रवाह गर्नु बिक्रेताको कर्तव्य।
- ❖ आफूले प्रदान गर्ने वस्तु वा सेवाको नाम र सोको मूल्यसूची स्पष्ट रुपमा सबैले देख्ने ठाउँमा राख्नु बिक्रेताको कर्तव्य हो; हेर्न पाउनु उपभोक्ताको अधिकार।
- ❖ वस्तु वा सेवा खरिद गर्दा भुक्तानी गरेको मूल्य बराबरको बिजक प्राप्त गर्नु क्रेताको अधिकार हो; आफूले प्राप्त गरेको रकम बराबरको बिजक जारी गर्नु बिक्रेताको कर्तव्य।
- ❖ खरिद गर्न चाहेको वस्तु वा सेवाको मूल्य, परिमाण, शुद्धता र गुणस्तर बारेमा सूचित हुन पाउने उपभोक्ताको अधिकार हो; त्यस्तो सूचना दिनु बिक्रेताको कर्तव्य।
- ❖ वस्तु वा सेवाको प्रयोगबाट भएको हानि, नोक्सानी विरुद्ध क्षतिपूर्ति पाउने उपभोक्ताको अधिकार हो; त्यस्तो क्षतिपूर्ति दिनु बिक्रेताको कर्तव्य।
- ❖ खरिद बिक्री गरिने वस्तुमा उत्पादन मिति तथा उपभोग्य मिति उल्लेख छ छैन ख्याल गरौं। उपभोग्य मिति समाप्त भैसकेको वस्तु बिक्री गर्नु कानून बमोजिम दण्डनीय अपराध हो।
- ❖ बजारमा कुनै पनि वस्तुको कृत्रिम अभाव सिर्जना गर्नु कानून बमोजिम दण्डनीय अपराध हो।
- ❖ अनुचित मुनाफा राखी वस्तु तथा सेवा बिक्री गर्नु कानून बमोजिम दण्डनीय अपराध हो।
- ❖ खाद्य पदार्थलाई आकर्षक देखाउन अखाद्य रङ्ग वा पदार्थको प्रयोग गर्नु कानून बमोजिम दण्डनीय अपराध हो।

उपभोक्ता हित विपरित कुनै कार्य भएको थाहा भएमा नागरिक खबरदारी गरौं; सोको आधार प्रमाण सहित वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग (https://crmis.doc.gov.np, टोलफ्री नं. ११३७) वा जिल्ला प्रशासन कार्यालय वा मंगला गाउँपालिका (Email: mangalarumun1127@gmail.com, फोन नं. ९८५७६४२६४२) मा उजुरी दिई उपभोक्ता हितको संरक्षण गरौं ।

उपभोक्ता हित संरक्षण अभियानमा-

मेरो सहकार्य ! तपाईको सहकार्य !! हामी सबैको सहकार्य !!!

**मंगला गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**बाबियाचौर, म्याग्दी**

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
**वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग**
बबरमहल, काठमाण्डौं